# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०३/२३

चौथो अधिवेसन

(२३औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २३ औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

द्यापद्यापेमा माननीय पूर्णा जोशी :- माननीय सभामुख महोदय, गएको हप्ता डोटीको हप्ता डोटीको शिखर नगरपालिका वडा नं.२ मा सर्पको टोकाईबाट जमुना कामीको मृत्यु भएको छ त्यस्तै गरिकन के.आइसिंह गाउँपालिका वडा नं.२ मा ११ बर्षिय बालक भेगेन्द्र बोगटीको पनि विशालु सर्पको टोकाईबाट मृत्यु भएको छ । त्यस्तै गरिकन के.आई.सिंह गाउँपालिका २ कै २ जना कृषकहरु बदेलको आक्रमणबाट घाईते हुनुहुन्छ १ जनाको अवस्था चिन्ताजनक छ, १ जना सामान्य उपचार पछि घर फर्किनु भएको छ । उहाको सारथि अस्पताल यहि धनगढीमा उपचार भैरहेको छ । माननीय सभामुख महोदय प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु पहाडि जिल्लाका जिल्ला अस्पताल र विशेष गरिकन ईलाका अस्पतालहरुमा स्वास्थ्य चौकीहरुमो सर्पदंसको औषधि पटक्कै नभएको कुराहरु सम्बन्धीत अस्पतालहरुबाट जानकारी भएको छ समयमा उपचार नपाउदा ती २ जनाले अकालमा मृत्यु व्यहोर्नु परेको छ म मृतकका परिवारप्रति समवेदना, मृतकहरु प्रति श्रद्धाञ्जिली व्यक्ति गर्दै मृतकका परिवारहरुलाई राहात उपलब्ध गराई दिनको लागि म प्रदेश सरकारसँग अनुरोध गर्न चाहान्छु र बदेलको आक्रमणबाट उपचार गराई रहनु भएका अत्यन्त आर्थिक अवस्था कमजोर भएकाको परिवारलाई पनि समय मै उपचार गराउनका लागि राहात उपलब्ध गराई दिनका लागि म हार्दिक अनुरोध गर्न चाहान्छु धन्यवाद ।

द्यापद्यापेमा माननीय हर्क बहादुर कुँवर :- सभामुख महोदय, बाजुरा जिल्लाको बुढीगंगा नगरपालिका र वीजगडी नगरपालिकाको विचमा रहेको द्धारीका बुढीगंगा नदी त्रिवेणीनगरपालिका वडा नं.९ अहिले पनि पहिरोको जोखिम अवस्थामा छ त्यो पहिरो खसेर सुरुवाद भएको छ त्यो पहिरो खस्ने वित्तिकै अछाम जिल्ला साफेबगर देखि तराईका फाटहरु अछाम, बाजुरा र कैलाली जिल्लाको चिसापानि पुल समेतलाई क्षति हुने ईन्जिनियरहरुको अथवा प्राविधिकको निश्कर्ष छ अहिले पहिरो गइरहेको अवस्था छ । हिजो राती मात्रै पहिरो अगाडि बढी रहेको छ त्यसलाई समयमा नियन्त्रण नगर्यो भने यो प्रदेशले ठुलो क्षतिको सामना गर्नुपर्ने छ । सभामुख मार्फत मैले सम्बन्धीत निकायलाई छिटै नै यो पहिरोको नियन्त्रण होस भन्ने माग राख्न चाहान्छु धन्यवाद ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

सर्व प्रथम माननीय तारा लामा तामाङ्ग लाई समय दिन्छु

माननीय तारा लामा तामाङ्ग :- माननीय सभामुख महोदय, हाम्रो एकदमै लोकप्रिय सरकारको एकदमै लोकप्रिय बजेट आएको छ । बजेटमा विविध विषयमा छलफल गर्ने भनेर हिजो देखि बजेटको सत्र चालु भएको छ । यो बजेटले हामी सुदूरपश्चिम बासिको चाहानालाई अवश्य ध्यान दिएको जस्तो हुनुपर्छ होला पनि छ भन्नु पर्ने पनि छ । आज एकदुईदिन अगाडि देखि राम्रो बर्षाद भैराखेको छ । बर्षा भएर मान्छे खुशि पनि भा का छन् कोहि दुखि पनि भा का छन् खुशि भएका मान्छेहरु जसले समयमा धान रोपाई गर्न पाको छ । रोपाई गर्दा खेरि सिंचाईको जोहो गर्न नसक्ने निमुखा गरिब जनताहरु खुशि भएका छन् त्यसको लागि ईन्द्र देवतालाई धन्यवाद दिनै पर्छ । त्यसै गरि दुखि यस अर्थमा छन् दुई चार ट्रक ग्रावेल अझै खसाल्न पायो भने अलि राम्रो हुन्थ्यो बाटो किचड भयो बाटो किचड भयो मेरो दुईचार ट्रिप ग्रावेल खसाल्न पाएन भनेर केहि साथिहरु दुखि भा को छ । न्यास्रो न्यास्रो गरेर प्राविधिकहरु पनि पछि पछि लागेको देखिन्छ । त्यो न्यास्रो कहासम्म हो मलाई थाहा छैन । अनि बजेटको सन्दर्भमा र यो मैले जोड्न खोजेको के हो भने बजेट आ को छ कोहि खुशि पनि होलान कोहि दुखि पनि होलान बजेट आ को छ बाटोमा हिड्छु म पुर्नवास जान्छु घर मेरो पुर्नवास आउछु यहि बाटो मजाले धुलो छ धुलो उडाउदै आउछु धुलो उडाउदै जान्छु । पानि पर्यो त्यहि बाटो फेरी हिलो हुन्छ हिजो उडाउदै हिलो गुडाउदै अनि यो पानि परे पनि नहुने नपरे पनि नहुने सरकारको बजेट आए पनि हुने नआए पनि भन्न खोज्या चाहि होईन अब यो बजेटको सन्दर्भमा सरकारले भन्नु भा को छ हाम्रो सरकारले एकदम राम्रो बजेट आको छ । राम्रो बजेट आको हुनाले राम्रो बजेट आको छ । विपक्षीले सुरुमै महान काम गर्या छ मैले अहिले सम्म सुन्या पनि थिएन देख्या पनि छैन हुन त भर्खर सांसद भएर होला नदेख्या तर मैले चाहि सुन्या थिएन सरकारले ल्याएको रातो किताब फिर्ता गर्ने कहिले काहि यसो दुईचार पाना च्यात्ने भन्ने सुन्या थियो तर महान क्रान्तिकारी काम देखाउनु भो विपक्षि साथिहरुले पनि किताब जलाउनु भो अनि उहाहरुलाई किताब जलाएको हुनाले अर्को किताब खोज्न, पढ्नलाई टाईम लाग्यो करिब करिब २१ दिन जति संसद अवरुद्ध गर्नु भो र सरकारले यकै लचक्ताका साथ सरकारले विपक्षी साथिहरुलाई सबै एकजुट भएर अगाडि बढ्नु पर्छ भन्ने मान्यताका साथ जति सकिन्छ त्यति लचक्ता अपनाएर विपक्षी सँग समझदारी गरेर सदन चलेको छ त्यस मानेमा म सरकारलाई पनि धन्यवाद दिन्छु विपक्षी दलका साथिहरुलाई पनि धन्यवाद दिन्छु । हामीले यो सदनले शुरु देखि भनेका थियौ सबै सांसदहरुको आकांक्षा सुरु देखि नै थियो विपक्षी दलको पनि त्यहि थियो पत्रकार देखि लिएर हरेक नागरिक समाजको पनि चाहाना के थियो जस्तो लाग्छ भने यो सुदूरपश्चिम प्रदेश सरकार सुदूरपश्चिम

प्रदेश सभा अथवा यो संघीयताको पहिलो सरकार, प्रदेश सरकार हामी सिष्टममा नचली सकेको हुनाले हामी सबै मिलेर अगाडि बढ्नु पर्छ भन्यौ सरकारले पनि बारम्बार त्यो कुरा राखेकै हो सबैले त्यहि अनुकुल हामी चल्न खोज्यौ कता कता हामी काम गर्दै जादा अलिकति हामी आफै काम गर्दै जादा खेरि काहि कतै अलिकति काम गर्ने शैली नमिलेको हो कि भनेर बाहिर चर्चा परिचर्चा चलिराखेको छ । कसैले सांसदहरु हो यिनिहरुले योजनाको कुरा गर्नै हुन्न यिनले योजना गर्ने होईन विधेयक निर्माण गर्ने हो नीति निर्माण गर्ने हो योजना माग्ने काम यिनको होईन भन्ने पनि सुनियो कसैले सरकारलाई कार्यकारी भूमिकामा भएको हुनाले सबै काम सरकारको हो भन्ने पनि सुनियो, कसैले होईन सांसद भनेको सरकार र जनताको पुलको काम पनि गर्ने, सरकारले ल्याएका कामहरुलाई जनसहभागिता पनि जुटाउने र समन्वयकारी भूमिका पनि निभाउने र जनताको निर्वाचित प्रतिनिधी भएको कारणले उसले नीति निर्माणको सँगसँगै जनताको आवश्यकताको बारेमा बोल्नु पर्छ त्यस मानेमा सांसदहरुको भूमिका पुगेन कि भन्ने पनि छन् प्रदेश सभा सांसद भनेको सरकारलाई बनाउने ठाउँ, सरकारलाई नियन्त्रण पनि गर्ने, फेसिलेट पनि गर्ने, सरकारलाई समन्वय गरेर अगाडि बढ्ने ठाउँ पनि भएको कारणले कहि त्यो भूमिका पुगेन कि भन्ने पनि सुनियो, कहि अलि बढी पनि भयो कि भन्ने पनि सुनियो, कहि सरकारले गरेको कामहरु अलि जब हाम्रो सिस्टमहरु सबै उइन्सहरु तयार छैन भने आफुसँग निर्वाचित भएको ५३ जनालाई नै पहिलो आधार मानेर सबैलाई मिलाएर अगाडि बढ्नुपर्ने सरकारको पनि कहि कमीकमजोरी भा को हो कि भन्ने पनि सुनियो र कहि सरकारले आफुले चलाउने कर्मचारीतन्त्रलाई जति कर्मचारी छ त्यलाई राम्रो सँग चलाउनु पर्छ चलाउनु भएको भए हुन्थ्यो भन्ने पनि सुनियो कहि होईन सरकार त कर्मचारीले पो चलाएको हो कि भन्ने पनि सुनियो अब यो कुरो मैले म ठम्याउन नसक्या हुनाले यो सम्मानीत सदनमा बोली राछु र धेरै बावजुत हामीले यो सदनको अवरुद्ध खुलाई सकेपछि अब सदन सुचारु भा को छ अझै पनि केहि विग्रेको छैन र केहि सरकारले गर्न खोजेको काम अथवा ल्याएको बजेटमा छलफल गरेर यसमा कहि कमीकमजोरी छ भने यसलाई सुधारेर कहि कहि सन्तुलित बजेटको विनियोजन भाको छैन भने त्यलाई पनि सुधारेर लौजाम्ला भन्ने सरकारले बोलीसकेको छ । प्रतिपक्षले पनि त्यसमा साथमा साथ जानुपर्छ भनेर बोलेको छ तर हामी सम्मानीत सदनमा बोली रहदा हेक्का चाहि जति गर्न सक्ने हो त्यति बोल्नु पर्छ सरकारले र जे बोलेको छ विरुद्धमा बाहिर मञ्चमा बोलेको जस्तो विपक्षीले पनि बोल्नु हुदैन भन्ने मलाई लाग्छ यहा प्रिपेट घुसका कुरा आयो के के आयो हामीले त थाहा पायौ केहि कर्मचारीलाई रंगेहात समाप्त सहयोग त्यहाका साथिहरुलाई गर्यौ तपाईहरु त प्रतिपक्ष हो त्यस्तो सुनिन्छ भने सहप्रमाण सहित दिनु पर्यो र अहिलेको सदन पनि तपाईको सार्वजनिक लेखा समिति हाम्रो विपक्षी दलको माननीयजी हुनुहुन्छ यसको संयोजक सरकारलाई चेक एण्ड व्यालेन्स गर्न यसले महत्वपूर्ण भूमिका खेल्छ त्यो ठाउँमा प्रभावकारी भूमिका पक्कै निभाइराखेकै होलान तर हामीले यस्तो महत्वपूर्ण सदनमा विना प्रभाण, विना आधारका कुराहरु हामीले गरियो भने यहा बोलेर पनि भएन भने यसले अनर्थ लाग्न सक्छन त्यस कारणले यहा जे बोलीन्छ कार्यान्वयन हुने गरिन नै बोल्नुपर्छ, जे बोलीन्छ यहा त्यो गर्नै पर्छ चाहे त्यो सरकारले

होस चाहे प्रतिपक्षले होस मलाई चाहि यस्तो लाग्छ यो मेरो नितान्त व्यक्तिगत कुरो हो र आर्थिक बर्ष ०७६।०७७ को बजेटको सन्दर्भमा साच्चै धेरै सांसदहरुले अलि अलि मन खुम्च्याएको चाहि छ सुन्दा खेरि तर सरकारप्रति आशा फेरी पनि किन जागेको छ भने कमिकमजोरी कहि कहि छ भने हामी मिलाएर लगौला भनेको हुनाले अलिकति आशाको दियो जलिराखेको छ । हामी त आशावादी मैले पहिले पनि सुनाए म त एकदम आशावादी मेरो निर्वाचन क्षेत्रको कुरा यहा गर्ने हो भने अप्ठ्यारै स्थिति छ मेरो निर्वाचन क्षेत्रमा पनि मैले सदनको सुरुवादको बजेट देखि नै यहा माग गरेको थियो त्यो माग अहिले सम्म पनि परेको गत बर्ष परेको योजना अब त कार्यान्वयन हुन्छ कि भनेको यो पालि अलि बजेट विनियोजित गर्दा त्यो योजनाको बजेट अलि कम भयो भने अलि अपमान हुन्छ कि भनेर होला सरकारले त्यलाई केहिलाई जीरो बजेटमा राख्या छ, केहिलाई त्यलाई हाईट गरिदिया छ कहिलेकाहि कम्प्यूटरमा हुन्छ नि एउटा रिसाईकिलमा जान मिल्ने गरि फाईलहरु हुन्छ, अर्को चाहि हाईट गर्ने हुन्छ आफै जो प्रयोगकर्ता हो कम्प्यूटरको उलाई मात्र थाहा हुन्छ अरुलाई थाहा हुदैन साहेद प्रमुख सचेतकको भनेर त्यसरी राख्याहोला जस्तो लाग्छ मलाई उहाहरुको नजरमा चाहि छ यो काम गर्छम है भनेर यसो हाईटमा राखेको होला भन्ने लाग्या छ मैले मेरो निर्वाचन क्षेत्रमा पर्ने हामी सबैको गौरवको ठाउँनै भन्छु म कैलाली, कंचनपुरको सबै भन्दा पुरानो जात आदीवाशि राना जातिको बाहुल्य रहने गरि कंचनपुरको राजनैतिक दल, नेपाल सरकार र कंचनपुर वासिले रानाहरुको कलस्टर बनाएर एउटा लालझाडी गाउँपालिका बनाएको छ । त्यहा हामीले दुईवटा कुराको प्रस्ताव गर्या थियौ एउटा त्यो क्षेत्रलाई राना पर्यटकिय गाउँ बनाउनु पर्छ भन्या छौ यो पालि पर्यटनले त्यसको सम्भाव्य अध्ययन गराएको छ त्यसको लागि पर्यटन मन्त्रालयलाई धन्यवाद र त्यसै गरि अहिले सम्म अब त जानै सकिदैन बाहैमासे बाह्र महिनामा कुनै पनि महिना धनगढी र महेन्द्रनगरबाट अहिले पनि सार्वजनिक बस जादैन बाटोको कारणले त्यो बाटो करिब करिब बाणीबंक देखि लालझाडि हुदै, विकासबस्ती हुदै यहा सम्म हुना करिब करिब ३६ किलो मिटर पर्छ र त्यो धनगढी जोड्ने र त्यसमा ५ किलोमिटर काम भा को छ २२ किलोमिटरको एउटा ब्लक छ त्यो ब्लकलाई अहिले पनि त्यहाको समुनायले त्यसमा काम हुनुपर्छ भनिराखेका छम र हामीले त्यहा भन्नु भन्दा पनि साच्चै तराई भएर पनि विकट भा को ठाउँको त्यो ठाउँ बनाउनुपर्छ भनेर लागि राखेको पोरसाल पनि बजेट परेन यो साल अत्यन्त न्यून बजेट प्रस्ताव गरेको रहेछ जे भए पनि प्रदेश सरकारलाई धन्यवाद उहाहरुले यसलाई दुई तिन बर्षमा सम्पन्न हुने गरि गर्छु भन्नु हुन्छ भन्ने विश्वास लिएको छु । त्यसै गरि दोधा नदीको समस्या कंचनपुरको महाकाली र दोधा नदीको भाईङ्कर समस्या छ । त्यो पनि उहाहरुले डल्लो बजेटमा राख्या छु भन्नु भा को छ त्यसै गरि समग्र पुर्नवास त्यो पुर्नवास जहा अहिले पनि सबै जिल्लाको बसोबास छ त्यलाई हामीले राम्रो कसरी बनाउन सकिन्छ त्यो तर्फ त्यहाको जनताले आश गरेको हो र केहि बजेट त्यहा अलिकति असन्तुलित भा को भन्ने कुरा त्यहाको जनताले मलाई गुनासो गरेको छ मलाई गुनासो ५६ हजार जनसंख्या भा को ठाउँमा तपाईको भौतिक पूर्वाधार तर्फ के हो यो २० लाख मात्र परेको छ भनेर साविक ३ वटा गा.वि.स. भा को ठाउँमा मैले नआत्तिनुस तपाईको

यो बर्ष तपाईले खोजे भन्दा धेरै गुणा काम हुन्छ भनिदिया छु त्यो आशालाई प्रदेश सरकारले पूर्ण गर्नुहुने छ र अहिले हामीले फेरी पनि जोड दिन्छौ यो प्रदेश सरकारले गरेका कामहरुका सन्दर्भमा हामीले सुरु देखि भनेका थियौ यो प्रदेश सरकारले गर्ने कामहरुको हामीले जहिले पनि प्रचारात्मक भन्दा पनि रिजल्ट वरिन्टेट रिजल्ट आउने काम गर्नुपर्छ हामी सत्तापक्षको भा को कारणले हामीले जनतालाई देखिने केहि न केहि काम गर्नुपर्छ र प्रदेश सरकारले यो बजेटमा धेरै कामहरु समानुपातिक हिसाबले काम गर्न खोजिएको छ जस्तो कृषि क्षेत्रमा केहि काम गर्न खोजिएको छ । पर्यटनको क्षेत्रमा केहि काम गर्न खोजिएको छ तर पनि हामीले जडिबुटि लगायत प्रचुर मात्रामा संस्कृति र पर्यटनलाई अगाडि बढाउनको लागि हामीले १० किलोमिटरको स्पिडमा होईन कमसेकम ६०-७० को स्पिडमा दौडने गरि प्रदेश सरकारले सोच बनाउनै पर्छ । मुख्यमन्त्रीज्यूले यहा भनिसक्नु भा को छ हामीले सुशासन विधेयकलाई टेकेर अब कार्यान्वयनमा जानु हुने छ । बजेट ल्याउने बेला सुशासन टेक्यो कि टेकेन त्यो अहिले बहसको विषय नबनाऔ तर कार्यान्वयनको लागि यदि त्यो गर्ने हो भने आषाढमा गर्ने विकासहरु हामी फाल्गुनमै सक्ने गरि लागौ बैशाखमा त्यसको गुणस्तर हेर्ने काममा लागौ, जेष्ठमा विलिङको काममा लागौ, आषाढमा चाहि हामी अर्को बर्षको लागि गर्ने कामहरुको लागि छलफल गरौ यो भने राम्रो हुन्छ र अहिले पनि हाम्रो विचार के छ भने प्रदेश सरकारले अहिले पनि प्रदेश सरकारले आफुलाई अलग्गै पहिचान हुने गरि योजनाहरु कार्यान्वयन गर्नुपर्छ । हिजो पालिकाले प्रदेशको अभिभावक मुख्यमन्त्री भा को र मुख्यमन्त्रीको संयोजकत्वमा स्थानीय तहको प्रमुख, उपप्रमुख सहितको बैठक बस्न मिल्ने अनि समन्वयकारीको भुमिका गर्ने र स्थानीय तहको डाईरेक्ट मुख्यमन्त्री कार्यालयसँग हुने संवैधानिक व्यवस्था भएकोले अब हामीले अन्त के गर्ने, केन्द्रले के गर्ने हो त्यो खाली केन्द्रले के निर्देशित आउछ भनेर बस्नु हुदैन अब हामीले आफ्नै प्रदेशमा केहि मोडलका कामहरु गर्नै पर्छ । स्थानीय तहले यो गर्ने, प्रदेशले यो गर्ने यस्तै यस्तै कामहरु स्थानीय तहले यसरी गर्ने यतिको काम हामीले कार्यान्वयन गरम भनेर हामी अगाडि बढ्यौ भने अझै समय छ अझै गर्न सकिन्छ होईन भने पाच बर्ष हामी यस्तै व्यवस्था मिलाउन, यस्तै सिस्टम मिलाउनमै हाम्रो समय जाने छ । हाम्रो स्पिड १० किलोमिटर पर आवर हामी गुडिराखेको छ भने कम्तीमा पनि ५०, ६० को स्पीडमा हामीले हिड्न जरुरी छ त्यो स्पिडमा हिड्न हिडाउनको लागि सबै सांसदहरुलाई एकिकृत तरिकाले लानु पर्ने छ त्यो काममा हामी लाग्नै पर्छ र विपक्षी दलका साथिहरुलाई पनि माननीयज्यूहरुलाई पनि फेरी पनि मेरो आग्रह के छ भने तपाईहरुको सचानात्मक विरोध हुनुपर्यो रचनात्मक सहयोग हुनुपर्यो हामी यसको आशा गर्छा । जनताले यसको आशा गरिराखेको छ । खाली बोल्ने कुरा बाहिर के कुरा आउछन त्यो कुरा भन्नु भन्दा पनि त्यस्तो काममा यहाहरुको जोड बढी हुने छ र खासगरि अर्थमन्त्रीज्यूले करको दायरालाई अझै कसरी बढाउन सकिन्छ छलफल चलाऔ हाम्रो आफ्नै करको दायरा कसरी बढाउने छलफल गरौ गर्नुपर्थ्यो करको दायरा बढाएर करको दररेट तोक्ने काम सरकारको हो सरकारले त्यो ल्याएको छ र अझै फेरी छलफल गरौला, सांसदहरुले बाहिर जनताले भनेको जस्तो असन्तुलित बजेट भनेको छ त्यस्तो कारण देख्ने नगरि हाम्रो सरकारले काम गर्छ भन्ने म

विश्वाश छ । किन भने त्यसलाई गलत प्रमाणित गर्ने पर्छ नत्र भने संघीयता आएको जनताले विश्वास जनताले फेरी तारो हानि मात्र हुने छ त्यसै गरि बजेटको आकारको सन्दर्भमा मन्त्रीजीको भनाई आयो तर पनि हामीले र बाहिरको जनताले आशा गरेको के थियो भने यसको आकार अलिकति ठुलो बनाएको भए हुन्थ्यो भन्ने चाहि छ है यसो हामी कहा चुक्यौ यो सन्र्दभमा हो हामीले यथार्थपरक बजेट ल्याउन खोज्यौ त्यसको लागि धन्यवाद तर पनि हामीले केहि सक्थ्यौ कि जस्तो लाग्छ यो सन्दर्भमा अब आगामी दिनमा अझ व्यापक छलफल गरेर यसलाई लाने छ र हामी फेरी पनि आशा गरौ सरकारको राम्रो बजेटले राम्रो रिजल्ट दिने छ । सरकारको राम्रो कार्यान्वयनको आशा जनताले गरिराखेको छ त्यो तर्फ सरकार उन्मुख हुने छ । सरकारले के पक्ष के प्रतिपक्ष सबैलाई मिलाएर अगाडि बढ्ने प्रतिवद्धता गर्नु भा छ यतिको प्रतिवद्धता आई सकेपछि हामी सबैले विश्वास गरेकै छौ । विश्वास गर्ने नै छौ । विश्वास गर्नु पनि पर्छ । अब कसरी अगाडि बढ्ने, कसरी काम गर्ने यो कुरामा हामी फेरी पनि छलफल गरौला कार्यान्वयनको बेलामा कहि कमी कमजोरी छ भने मुख्यमन्त्रीले भनिसक्नु भा को छ यदि कहि विवादीत जस्तो हुने अलि औचित्य पुष्टि हुन नसक्ने योजना कहि परेको छ भने त्यलाई विचार गरौला पनि भन्नु भा को यहि मञ्चबाट हुनाले हामी सबैले यसलाई विश्वास गरौ हाम्रो प्रदेशलाई राम्रो प्रदेश बनाउने भूमिका के सत्तपक्ष, के प्रतिपक्ष सबैको भा को हुनाले यस तर्फ बढ्नु नै हुनेछ र म फेरी पनि यो बजेटले भौतिक पूर्वाधार लगायत हरेक क्षेत्रमा सन्तुलित हिसाबले सरकारले कार्यान्वयन गर्नुहुने छ र सरकारले कार्यान्वयन गर्दा खेरि अझ द्रुत गतिमा काम गर्नुपर्ने कामहरु गर्नुहुने छ र सरकारले बजेटलाई कार्यान्वयन गर्दा सबै पक्षलाई समेटेर काम गर्नुहुने छ र त्यस कारणले म फेरी पनि सरकारले ल्याएको राम्रो बजेटको राम्रो सँग यसको पक्षमा सबै लाग्नुहुने छ, राम्ररी कार्यान्वयन गर्नेमा सबै लाग्नु हुनेछ र सरकारले फेरी पनि आग्रह हामी सबैले गरेकै छौ, गर्नु पनि पर्छ सरकारलाई सन्तुलित बजेटलाई सन्तुलित तरिकाले लाने प्रयत्न गरौ र सरकारले ल्याएका कुराहरुलाई अझ राम्रोसँग परिस्कृत गर्दै लैजाऔ र कर्मचारी साथिहरुलाई पनि चलाउदा, कर्मचारी मित्रहरुलाई पनि चलाउदा अलि जनताको भावना, जनताबाट निर्वाचित जनप्रतिनिधीको भावनालाई पनि कदर गर्ने गरि उहाहरु चलिराख्नु भा कै होला र जनताको प्रतिनिधी भा को कारणले हामी सांसदहरु हामी जनताको विचको पुलको काम गरिराखेको हुनाले त्यो भावना सरकार पक्ष अथवा सबैले यसलाई मनन गर्ने छ र फेरी पनि आग्रह गर्छु यो बजेटले फेरी पनि सुदूरपश्चिम जनताको आशालाई निराशामा परिणत गर्ने छैन र मेरो एउटै मात्र सुझाव हामी जसरी एकताका साथ एकमानाका साथ सुदूरपश्चिमको राजधानी हामीले तोक्यौ सुदूरपश्चिमको राजधानी तोक्नुका साथै नाम तोक्यौ हामी जसरी त्यसको राजधानी तोक्न र आफ्नो प्रदेशको नाम तोक्न तेस्रो प्रदेशको रुपमा हामी चिनिएका थियौ त्यसरी नै विकासको लागि १ नं. हुने प्रयत्न गरौ र राजधानी तोकिएको क्षेत्रलाई यहि आर्थिक बर्षमा देखिने गरि केहि काम सरकारले ल्याऔ र त्यसको लागि केन्द्र सरकारसँग झकझक्याउने काम हामी सबै मिलेर गरौ र समग्र सुदूरपश्चिमको विकासको लागि एकजुट हुन आव्हान गर्दै सरकारले पनि त्यहि भावना बुझेर अगाडि बढ्नेछ भन्ने पूर्ण विश्वासका साथ विदा

हुन्छु । धन्यवाद, नमस्कार ।

माननीय, श्यामलाल राना थारु :- माननीय सभामुख महोदय, आज हामी आर्थिक बर्ष २०७६।०७७ को बजेट माथिको छलफलमा सहभागि भैरहेका छौ हिजो मात्रै माननीय अर्थमन्त्रीज्यूले केहि बजेटका विशेषताहरु र बजेटमा भएका कुराहरुको पुष्टि गर्नुभएको छ र यस सन्दर्भमा केहि कुराहरु मलाई लागेका केहि कुराहरु म यहा राख्न चाहान्छु । बास्तवमा बजेटमा केहि कुराहरुको प्राविधिक त्रुटि छ र त्यो प्राविधिक त्रुटिलाई सच्याउने तर्फ सरकार अगाडि बढ्ने छ भन्ने हामीले आशा गरेका छौ र केहि कुराहरु योजनागत हिसाबमा विगतमा भएका कार्यक्रमहरु केहि पैसा बाँकी रहेको देखिन्छ तिनलाई योजनामा राखिएको छ त्यो ठिकै हो तर मलाई के लाग्छ भने कुनै कुनै योजनाहरु यस्ता देखिएका छन् जुन योजनाहरु सुरु नै भएको छैन गत बर्षको बजेटमा एउटा रकम छ अनि यसपालिको बजेटमा रेडबुकमा काम नै शुरु नभईकन ३०-४० प्रशेन्ट घटाएर राखिएको छ अब यसलाई कस्तो त्रुटि मान्ने हो त्यसै गरेर एउटै खालको योजना, एउटै योजना दुई दुई ठाउँमा लेखिएको छ अब यसलाई कुनै आधारमा मान्ने हो र यो त्रुटिको फाईदा यो प्राविधिक त्रुटिको फाईदा सरकारले आफै लिने गरेको जस्तो मलाई पनि लाग्छ मेरो त विगतमा एउटा योजनै हरायो आफैले राखेको योजना योजनै हराई सक्यो त्यस कारणले यो त्रुटिलाई सच्याउने तर्फ सरकारले पहिलो कुरा यसमा ध्यान दिन जरुरी छ र बास्तवमा हामी सबैको चाहाना के हो भने बजेट सन्तुलित हुनुपर्छ र बजेट भनेको चालु आर्थिक बर्षको समिक्षा, प्रगति र आउदो आर्थिक बर्षको आय व्ययको विवरण मा होईन । यो निश्चित अवधिको लागि सरकारबाट ल्याईएको एउटा आर्थिक क्रियाकलाप पनि हो र बास्तवमै हामी यो प्रदेशमा अहिले सुदूरपश्चिम प्रदेशको जुन बसोबास भएका जनताहरु छन् त्यसको हामी भाग्यरेखा कोर्दै छौ त्यस कारणले सबै माननीयहरु जो ५३ नै जना सांसदहरु हुनुहुन्छ उहाहरुले गरेका प्रतिवद्धता र उहाहरुले जनताप्रति जनताले उहाहरुप्रति राखेको अपेक्षा यसलाई पनि सरकारले मध्यनजर गर्नै पर्छ । एउटै क्लासमा पढ्ने विद्यार्थी कोहि डिर्सिकेशन हुन्छ, कोहि फस्ट हुन्छ, कोहि सेकेन्ड पनि हुन्छ तर पास हुने चाहाना त सबैको हुन्छ त्यस कारणले कमसेकम हामीलाई पनि पास त हुन दिनु पर्यो एउटै क्षेत्रमा विसौ करोडको योजना जान्छ भने कुनै ठाउँमा दुईचार करोडको योजना छैन भने त्यलाई जबरजस्ती फेल गर्न लागेको जस्तो मलाई महसुस भयो त्यस कारणले यो क्रियाकलाप सरकारबाट हुनुहुदैन, बजेट सन्तुलित नै हुनुपर्छ र प्रत्येकका प्रत्येक माननीय सांसदहरुको सम्मान जब हुन्छ जब सम्म उहाहरुले सोचेको जब सम्म उहाहरुको जनताले अपेक्षा गरेको कुराहरु सतप्रतिशत पुरा नहोला तर केहि प्रतिशत पुरा गर्ने कमसेकम बाताबरण बनाईदिनु पर्छ सरकारले त्यस कारणले यि कुराहरुमा हाम्रो सरकारसँग अनुरोध छ र मलाई लाग्छ कृषितिर धेरै बजेट वितरण भएको छ यो कृषिलाई कृषि प्रधान देशको नाताले कृषितिर ज्यादै बजेट पनि छ राम्रो हुरा पनि हो तर बास्तवमा के गर्ने अहिले रोपाई चलिराख्या छ जनताले मल पाईराखेको छैन र आगामी दिनमा यसलाई समाधान गर्ने किसिमले सरकारले आफ्नो रणनीति तयार गर्नु पर्छ मलाई लाग्छ यो कृषिमा पुरानै पाराले, पुरानै गतिविधि अहिले पनि छ । हामी विगतमा बजेट हेर्दा खेरिमा लाईन एजेन्सीबाट आएका

योजनाहरु पुराना तरिकाबाट ती जनतासम्म कहिल्यै पनि पुगेनन् अहिले पनि प्रत्येक वडामा उन्नत वीउ वितरण हुन्छ । १० क्वीण्टल एउटा वडामा पठाईदिन्छन् अनि त्यहा झगडा मात्र हुन्छ । मैले अस्ति पनि हेरे आफ्नै वडामा १०० वटा पोका बीउको पठाईदियो जब कि त्यहा १५०० घरधुरी छन् त्यहा झगडा मात्रै भयो त्यो पोका फिर्ता भयो यिनिहरुले फिर्ता गरिदियो हामी बाड्दैनम भनिदिए त्यस कारणले पुरानै पाराले अहिले हामी कृषिको उन्नतको कुरा गर्दै छौ, आधुनिकरणको कुरा गर्दै छौ तर कृषिको हाकिम एम.ए.बाट ईङलीस पास गरेको छ उ ए.जि.बाट गरेको छैन । त्यहा टेक्नीसियन पनि कमि छ हाम्रो हामी कसरी कृषिलाई आधुनिकरण गर्न सक्छौ त्यो कुराको त्यो विशेषज्ञ हामीसँग छ कि छैन प्रत्येक्ष रुपमा जनताले राहात पाउने कार्यक्रम हिजो विगतमा हामी धेरै कुराहरु हेर्थ्यौ कृषि विकास बैंकले ऋण दिन्थ्यो पम्पसेट, बोरिङ्गहरु दिन्थ्यो त्यसमा निश्चित प्रतिशत छुट हुन्छ भन्ने कुरा हुन्थ्यो अहिले कुनै पनि सामान किन्दा खेरिमा सरकारले कुन कुरामा छुट दिएको छ भन्ने कुरा खोज्न गारो छ त्यस कारणले कृषिमा बजेट मात्रै प्रर्याप्त भएर भएन कि जनतासँग प्रत्यक्ष रुपमा जनताले पाउने राहातको रुपमा कसरी जसरी यो विगतका बर्ष देखि हामी सुन्दै छौ सुपथ मुल्यको पस कहा हरायो यो कमसेकम त्यहि पसलबाट जनताले फाईदा लिन्थेहोला, त्यहि पसल मार्फत मल वितरण हुन्थ्यो होला या कृषि सहकारी संस्थाहरु छन् कसैले अहिले यो ठाउँमा मलको हाहाकार छ काहि पनि छैन मान्छेहरु ईण्डियाबाट चोरेर ल्याउदै छन् यो अवस्था छ हामी कृषि प्रधान देश भनिराख्या छौ त्यस कारण यो तर्फ सरकारले एकदम ठिक ढंगको रणनीति अपनाउनु जरुरी छ । मैले यो बजेटमा बास्तवमै साथिहरुको धेरैको मन देखेको मैले महसुस गरेको छु र सरकारले यसलाई अवश्य पनि सच्याउने छ र बास्तवमा सब भन्दा महत्वपूर्ण कुरा के हो भने सन्तुलित बजेट नै बनाउनु पर्ने हो यसमा हामी अझै पनि छलफलका साथमा अगाडि बढ्ने छौ र कार्यान्वयन पक्ष यसलाई जुन बजेटलाई कसरी बढी उपयोगी बनाउन सकिन्छ र हामीसँग बास्तवमै सिमित स्रोत साधन छ हामीले चाहेका हौ धेरै काम गर्थ्यौ होला तर हामीसँग पैसा यानी बजेटको सिमितता छ, सिमित स्रोतसाधन छ त्यस कारणले यसलाई बढी उपयोगी कसरी बनाउन सकिन्छ यसलाई सरकारले आगामी दिनमा आफ्नो कार्यान्वयनको पक्षलाई बलियो बनाउने छ भन्ने विश्वाश लिदै आफ्नो मन्तव्य यहि टुङ्ग्याउछु धन्यवाद ।

माननीय टेक बहादुर रैका :- माननीय सभामुख महोदय, अहिले हामी ०७६।०७७ को बजेट माथि छलफल गर्दै छौ । मैले राजनिति शुरु गरे देखि तीन वटा सम्झौता देखेको छु । ४६ सालको जनआन्दोलन पछि ४७ सालको संविधान कार्यान्वयन पक्षमा दरवारसँग भएको ४७ सालको संविधान जारी, १० बर्ष जनयुद्धमा गएका माओवादी सँग १२ बुदे दिल्ली सम्झौता र ०६२।०६३ सालको जनआन्दोलनमा ७ वटा दलको गणतन्त्रको पक्षमा सम्झौता देखेको थिए र सुन्या पनि थिए हाम्रो प्रदेश सरकारले ल्याएको बजेटको बारेमा ५ गते देखि सदन अवरोध भयो हिजो २२ गते मात्र खुल्यो यति लामो सम्झौता रातो किताबमा भएका योजनाहरु, त्रुटिमा भएका योजनाहरुलाई सुधार गरेर प्रतिपक्ष राजपा र नेपाली कांग्रेसले मागेका मागहरु सम्बोधन गर्नका निमित्त हामी १५-२० दिन पछाडि पर्यौ जनताको बीचबाट र अहिले जो कमिकमजोरी भा छ

अबको दिनमा यस्तो कमिकमजोरी हामीबाट हुनुहुदैन हामी सत्तापक्ष र प्रतिपक्ष र यो प्रदेशको विकास र उन्नती, प्रगति गर्नको लागि हामी आफ्ना कमिकमजोरीलाई सुधार गरेर अगाडि बढ्नु पर्छ भन्ने कुरा म भन्न चाहान्छु । बडा सहमतिका आधारमा, सहकार्यको आधारमा हाम्रो गृहमन्त्रीजीको नेतृत्वमा, माननीय मुख्यमन्त्रीको नेतृत्वमा भद्र सहमति भा छ र त्यो सहमति हाम्रा दलका नेताले पनि भन्या छ बडा भद्र सहमति भा छ सरकारले पनि भा छ त्यो भद्र सहमति व्यवहारमा लागु ५३ जना माननीयका लागि सम्बोधन हुने गरि लागु हुने हो वा कागजको खोस्टामा क्याविनेटको मन्त्रिमण्डलको मन्त्रालयको एउटा कोठामा बोलेको कुराहरु त्यहि बाहिर जाने हुन हाम्रो डोटेली उखान छ सासु भोल पूर्कि तिहार आयो द बा तिहार आए क्यादे है हात मेरो उहि सहमति हामीले जे गरेपनि सरकारले विगतका बर्ष सम्म गरेका सम्झौताहरुलाई यदि खण्डन गरेर चाहि माग पुरा गरेन भने हिजोको घटना भन्दा बार्ता भन्दा पनि किताब जलाउने त पश्चिमबाट कंग्रेसले सिकायो तर कुर्चि तोड्न संघीय सरकारमा कुन पार्टिले सिकाया हो त्यो हामीले पनि सिक्या छु किताब जलाउने कुरा हामीबाट सिक्नु पर्यो कुर्चि चलाउने कुराहरु तपाईहरुबाट हामीले सिकेको हुनाले यस्ता घटनाहरु अब सदनमा फेरी प्रवेश नगरोस भन्ने चाहान्छु । अब सवाल कहानिर आयो भन्नु हुन्छ भने विभेद मै बार्ता टोलीमा गा थिए हाम्रो सम्माननीय गृहमन्त्री यहिनिर हुनुहुन्छ, अर्थमन्त्री हुनुहुन्छ के २१ जना माननीयहरु हामीहरु बालीघरे हु त ? हामीले सुर्यचिन्हमा मत पाएका होइन, रुख चिन्हमा मत पाएका होइन, हसिया हतौडामा मत पाएका होईन के हामीलाई आखापाखा गर्ने हो त हामी जनताका जनप्रतिनिधी होईन कि हामी सौतेली आमाका छोरा हु भन्दा खेरिमा हामी ३ करोडमा एउटा पैसा दिन सक्दैनौ भनेर गृहमन्त्रीजीले हात खडा गर्नु भो अर्थमन्त्रीजीले सरी ल ठिक छ त हामी के पाउला भन्दा खेरि अब ५३ जना माननीय जी समानुपातिक २१ जना माननीयजीलाई हामी ३ करोड भित्र तपाईहरुलाई पनि अंसबण्ड गरेर पाउने गरेर हामी कार्यविधि सुधार गरेर ल्याउछौ भनेर अर्थमन्त्रीजीले र बार्ताका मुख्यमन्त्रीजीले कुरा राख्नु भा छ हामी यहि जेष्ठको महिना, यहि आषाढको महिना पर्खि राख्या छौ सरकार कति गम्भिरता छ, कति बचनवद्धता छ, कति आफुले बोलेको जवानमा परिपक्क छ हामी २१ जना समानुपातिक माननीयले हेर्न जरुरी छ । अब विकास निर्माणका कुराहरु यहा थुप्रै छन् योजनाका कुराहरु यहा सदनमा कुरा उठेका छन् तपाईहरुको निर्वाचन क्षेत्रमा हामीले ५ करोड रुपैया हाल्या, १० करोड रुपैया हाल्या छु हामीले सरकारलाई पेश गरेका छौ हामीले हालेका योजनाहरु सरकारकोमा फायल छ हाम्रो मातहतमा आएको योजना परेको छ कि यहा अन्यबाट घुमाएर आएको योजना छ । विगतमा मेरो वडामा मैले हालेको १० लाख योजना, २० लाख योजनामा बाटो शुरु छ अहिले अवरोध छ १० लाख रुपैया पर्या छ त्यो १० लाख रुपैया मेरो वडामा, मेरो क्षेत्रमा कोले हाल्यो त्यो मलाई जानकारी चाहिया छ र ……… जनतालाई गुमराहा बनाउन हामीले हुदैन यो गरिमामय सदनले प्रतिपक्ष दलका हामी साथिहरुले सुदूरपश्चिमाञ्चल प्रदेशको चौतर्फि विकास गर्नका लागि हिजो सम्म भएका कमि कमजोरीलाई सुधार गरेर अब प्रदेशलाई राम्रो, हाम्रो प्रदेश बनाउनका लागि हामी सबै एकढिक्का भएर जानुपर्छ भन्ने कुरा राख्दै विदा हुन्छु । हवस धन्यवाद ।

*(बोलीसकेपछि)*

३. **माननीय सदस्यहरू,**

आजको छलफलको लागि निर्धारित समय यही समाप्त हुन्छ। बाँकी छलफलको कार्य मिति २०७६ साल आषाढ २४ गते मंगलबार विहान ८:३० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु।